# COVID-19 विरुद्धका खोपहरू - मोनोभ्यालेन्ट र बाइभ्यालेन्टका बीचमा तुलना

Vaccinate WA
CovidVaccineWA.org

**तपाईंले COVID-19 विरुद्धका खोपहरूको वर्णन गर्न "मोनोभ्यालेन्ट" वा "बाइभ्यालेन्ट" शब्द प्रयोग गरिएको सुन्नुभएको होला। यी दुई खोपका बीचमा रहेका भिन्नता र योग्य व्यक्तिहरूले अद्यावधिक बाइभ्यालेन्ट बुस्टर लगाउनुको महत्त्वका बारेमा कुरा गरौं।**

## मोनोभ्यालेन्ट र बाइभ्यालेन्ट खोपका बीचमा के फरक छ?

मोनोभ्यालेन्ट खोप भनेको भाइरसको एउटा स्ट्रेन वा कम्पोनेन्ट भएको खोप हो।

बाइभ्यालेन्ट खोप भनेको भाइरसको दुई वटा स्ट्रेन वा कम्पोनेन्ट भएको खोप हो।

## COVID-19 विरुद्धका कुन कुन खोप मोनोभ्यालेन्ट र कुन कुन खोप बाइभ्यालेन्ट हुन्?

प्रारम्भिक रूपमा प्रदान गरिएका COVID-19 विरुद्धका सबै मूल खोप र मूल बुस्टरहरू मोनोभ्यालेन्ट हुन्*। यी खोपहरू COVID-19 रोग निम्त्याउने भाइरसको मूल स्ट्रेन प्रयोग गरी बनाइएका थिए।

Pfizer र Moderna का अद्यावधिक गरिएका COVID-19 बुस्टरहरू बाइभ्यालेन्ट हुन्। ती खोपहरू COVID-19 को मूल स्ट्रेनका साथै नयाँ ओमिक्रोन भेरिएन्टको स्ट्रेन BA.4 र BA.5 प्रयोग गरी बनाइएका थिए।

## के बाइभ्यालेन्ट खोप मोनोभ्यालेन्ट खोपभन्दा बढी प्रभावकारी हुन्छ?

अद्यावधिक गरिएका बुस्टरहरूको प्रारम्भिक क्लिनिकल ट्रायलहरूमा बाइभ्यालेन्ट COVID-19 बुस्टरहरूले COVID-19 रोगविरुद्ध मोनोभ्यालेन्ट बुस्टरभन्दा अझ विस्तारित सुरक्षा प्रदान गर्छन् र विशेषगरी ओमिक्रोन भेरिएन्टका कारणले सिकिस्त बिरामी हुने वा मृत्यु हुने वा दुवै अवस्था आउने जोखिमबाट अझ लामो समयसम्म सुरक्षा प्रदान गर्छन् भन्ने कुरा देखिएको छ।

**Novavax बुस्टर मोनोभ्यालेन्ट खोप हो र COVID-19 विरुद्धको खोपको प्रारम्भिक मात्रा पूरै लगाइसकेका तर पहिले COVID-19 को बुस्टर नलगाएका र अद्यावधिक गरिएको बाइभ्यालेन्ट mRNA बुस्टर लगाउन नमिल्ने वा नचाहने वयस्कहरूका लागि यो खोप उपलब्ध छ। Novavax बुस्टरले ओमिक्रोन भेरिएन्टका स्ट्रेनहरूलाई लक्षित **गर्दैन।***

## बाइभ्यालेन्ट बुस्टर लगाउन किन जरुरी छ?

यो खोप हाल संयुक्त राज्य अमेरिकामा फैलिरहेको COVID-19 का सबैभन्दा शक्तिशाली ओमिक्रोन स्ट्रेन्टहरूविरुद्ध सुरक्षा प्रदान गर्न बनाइएको एक मात्र खोप भएकाले बाइभ्यालेन्ट खोप लगाउन जरुरी छ।

## मलाई COVID-19 भइसकेको छ वा मैले पहिले मोनोभ्यालेन्ट बुस्टर लगाइसकेको छु भने मैले बाइभ्यालेन्ट बुस्टर लगाउनु पर्छ?

लगाउनु पर्छ। तपाईं बाइभ्यालेन्ट बुस्टर लगाउन योग्य हुनुहुन्छ भने तपाईंलाई पहिले COVID-19 लागिसकेको वा तपाईंले मोनोभ्यालेन्ट बुस्टर लगाइसकेको भए तापनि बाइभ्यालेन्ट बुस्टर लगाउन सिफारिस गरिन्छ। अधिकतम प्रभावकारिताका लागि, हालसालै COVID-19 लागेका व्यक्तिहरूले आफूलाई लक्षणहरू देखिएको वा परीक्षणको नतिजा पोजिटिभ आएको मितिबाट 3 महिना पर्खेर COVID-19 विरुद्धको खोप (अद्यावधिक गरिएको बुस्टर डोजसहित) लगाउन सक्छन्।

## के मैले कुनै निश्चित ब्रान्डकै बाइभ्यालेन्ट बुस्टर लगाउनु पर्छ?

6 महिनादेखि 4 वर्षका बालबालिकाले जुन ब्रान्डको प्रारम्भिक मात्रा लगाएका थिए सोही ब्रान्डको अद्यावधिक गरिएको बाइभ्यालेन्ट डोज लगाउनु पर्छ।

Pfizer को पूरा प्रारम्भिक मात्रा लगाएका 5 वर्षका बालबालिकाले Pfizer को अद्यावधिक गरिएको बाइभ्यालेन्ट बुस्टर मात्र लगाउन पाउँछन्।

Moderna को पूरा प्रारम्भिक मात्रा लगाएका 5 वर्षका बालबालिकाले Moderna वा Pfizer को अद्यावधिक गरिएको बाइभ्यालेन्ट बुस्टर लगाउन पाउँछन्।

6 वर्षभन्दा बढी उमेरका मानिसहरूले जुनसुकै ब्रान्डको प्रारम्भिक मात्रा लगाएको भए तापनि Moderna वा Pfizer को बाइभ्यालेन्ट बुस्टर लगाउन पाउँछन्।

Washington State Department of Health

**DOH 825-082 December 2022 Nepali**
यो कागजात अर्को ढाँचामा अनुरोध गर्न 1-800-525-0127 मा फोन गर्नुहोस् । सुन्न नसक्ने वा सुन्न गाह्रो हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा ईमेल गर्नुहोस् ।